# आकाशवाणी समाचार- नेपाली

मितिः १२ दिसम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले स्मार्ट इण्डिया ह्याकाथन-२०२४ को ग्राण्ड फिनालेमा भिडियो कन्फरेन्समार्फत युवा आविष्कारकहरूसँग कुराकानी गर्नु भयो।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो प्रसिद्ध फिल्म निर्माता राज कपूरको परिवारलाई भेट गर्नु भयो। उहाँले देशका लागि राज कपूरको योगदानको प्रशंसा गर्नु भयो।

३. विज्ञान तथा प्रविधि राज्यमन्त्री डा जितेन्द्र सिंहले सन् २०३५ सम्ममा भारतको आफ्नै अन्तरिक्ष स्टेशन 'भारत स्पेस स्टेशन' हुने र सन् २०४० सम्ममा भारतीय नागरिकले चन्द्रमामा अवतरण गर्ने बताउनु भएको छ।

४. केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यकालमा भारतको बैंकिङ क्षेत्र, विशेष गरी सार्वजनिक क्षेत्रका बैंकहरूले उल्लेखनीय परिवर्तन भएको बताउनु भएको छ।

५. विदेश मन्त्री डा एस. जयशंकरले आज नयाँ दिल्लीमा युएईका उप प्रधानमन्त्री तथा विदेशमन्त्री शेख अब्दुल्लाह बिन जायद अलसँग रणनीतिक वार्ता गर्नु हुनेछ।

**मुम्बईः पीएम-युवा आविष्कारक**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो स्मार्ट इण्डिया ह्याकाथन-२०२४ को ग्राण्ड फिनालेमा भिडियो कन्फरेन्समार्फत युवा आविष्कारकहरूसँग कुराकानी गर्नु भयो। सत्रमा, मिस्टिक ओरिजिनल्स टोलीका नेताले भारत इलेक्ट्रोनिक्स लिमिटेडले औंल्याएको सुरक्षा चुनौतीको समाधान प्रस्तुत गरे। जुन माइक्रो डपलरमा आधारित चरा र ड्रोनलाई छुट्याउन डिजाइन गरिएको हो।

प्रधानमन्त्रीले राष्ट्रिय सुरक्षाका महत्त्वपूर्ण मुद्दाहरूलाई सम्बोधन गर्दै टोलीको समर्पणको प्रशंसा गर्नु भयो। जब प्रधानमन्त्रीले समाधानले वस्तुहरूको गति, दिशा र दूरी पनि पहिचान गर्न सक्छ कि भनेर सोध्दनु हुँदा टोलीका एक सदस्यले यी सुविधाहरू छिट्टै एकीकृत हुने जवाफ दिए।

स्वास्थ्य सामग्री र अत्यावश्यक सामग्रीको डेलिभरी जस्ता सेवाहरूमा ड्रोनको सकरात्मक प्रयोगलाई स्वीकार गर्नु हुँदै प्रधानमन्त्रीले हतियार र औषधिको तस्करीका लागि यसको दुरुपयोगले महत्त्वपूर्ण सुरक्षा चुनौतीहरू खडा गरेको उल्लेख गर्नु भयो।

राजस्थानको सीमा क्षेत्रका अर्को टोली सदस्यले पुलवामा हमलापछि बढेको ड्रोन गतिविधि र यस क्षेत्रमा कसरी एन्टि-ड्रोन प्रणालीहरू रातमा सक्रिय हुन्छन् भनेर प्रकाश पारे।

प्रधानमन्त्रीले नवप्रवर्तनका लागि टोलीको प्रशंसा गर्नु हुँदै रक्षा प्रविधिको निर्यातका लागि नयाँ अवसरहरू खोल्न सक्ने सुझाव दिनु भयो।

आकाशवाणीसंग कुरा गर्दै, मुम्बई नोडल सेन्टरका प्रमुख नीलेश लेलेले प्रधानमन्त्रीसँग विद्यार्थीहरूको अन्तरक्रियाको बारेमा जानकारी साझा गर्नु भयो।

****** ० ******

**पीएम- कपूर परिवार**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो प्रसिद्ध फिल्म निर्माता राज कपूरको परिवारलाई भेट गर्नु भयो। यो भेट दिल्लीमा राज कपुरको जन्म जयन्ती मनाउनु अघि भएको थियो। १४ दिसम्बर राज कपूरको १०० औं जन्मजयन्ती हो। कपूर परिवारले प्रधानमन्त्रीलाई राज कपूर फिल्म फेस्टिभलमा निम्तो दिएका छन्। यो महोत्सव १३ देखि १५ दिसम्बरसम्म ४० शहरमा आयोजना गरिने छ, जसमा राज कपूरका चर्चित फिल्महरू देखाइनेछ । प्रधानमन्त्रीले देशका लागि राज कपूरको योगदानको प्रशंसा गर्नु भयो।

**बाइट**

प्रधानमन्त्रीले भन्नु भयो, राज कपुरले उनको जीवनमा प्रभाव पारेको थियो। श्री मोदीले परिवारलाई भन्नु भयो, मध्य एशियामा भारतीय सिनेमाको ठूलो सम्भावना रहेको छ र त्यसको दोहन गर्ने दिशामा काम गर्न आवश्यक छ। उहाँले भारतीय सिनेमालाई मध्य एसियाका नयाँ पुस्तासम्म पुरायाउने प्रयास गर्नुपर्ने बताउनु हुँदै त्यसको कडी बन्ने फिल्म बनाउन परिवारलाई आग्रह गर्नु भयो।

****** ० ******

**प्रधानमन्त्री - समवेदना**

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रसिद्ध गुजराती गायक पुरुषोत्तम उपाध्यायको निधनमा शोक व्यक्त गर्नु भएको छ। आफ्नो सन्देशमा श्री मोदीले यो कला जगतका लागि अपूरणीय क्षति भएको बताउनु भएको छ।

****** ० ******

**जितेन्द्र सिंह-पी.सी**

विज्ञान तथा प्रविधि राज्यमन्त्री डा जितेन्द्र सिंहले सन् २०३५ सम्ममा भारतको आफ्नै अन्तरिक्ष स्टेशन 'भारत स्पेस स्टेशन' हुने र सन् २०४० सम्ममा भारतीय नागरिकले चन्द्रमामा अवतरण गर्ने बताउनु भएको छ। 'सबै विज्ञान मन्त्रालयका उपलब्धिहरू' मा नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुँदै डा सिंहले सरकारले ल्याएका अन्तरिक्ष सुधारहरूले अन्तरिक्ष क्षेत्रमा अवसरहरू उजागर गरेको बताउनु भयो। उहाँले हालसम्म भारतबाट ४ सय ३२ विदेशी भूउपग्रह प्रक्षेपण भएको र त्यसमध्ये लगभग ९० प्रतिशत विगत १० वर्षमा प्रक्षेपण भएको बताउनु भयो। केन्द्रीय मन्त्रीले विज्ञानप्रति बहु-अनुशासनात्मक दृष्टिकोणको लागि सरकारको दृष्टिकोण पनि उल्लेख गर्नु भयो। उहाँले भन्नु भयो, भारतले जैविक प्रविधि, जैविक अर्थतन्त्र, भूस्थानिक कार्यक्रम, रक्षा र कृषिमा विज्ञानको प्रयोगमार्फत विभिन्न क्षमतामा प्रगति गरेको छ।

****** ० ******

**सीतारामन बैंक**

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यकालमा भारतको बैंकिङ क्षेत्र, विशेष गरी सार्वजनिक क्षेत्रका बैंकहरूले उल्लेखनीय परिवर्तन भएको बताउनु भएको छ। उहाँले कांग्रेस नेताले सार्वजनिक क्षेत्रका बैंकहरूलाई पैसाको असीमित स्रोत प्रयोग गरी ठगी गरेको आरोप निराधार रहेको बताउनु भयो। अर्थमन्त्रीले जोड दिनु भयो, नागरिक केन्द्रित शासन मोदी सरकारको आधारभूत सिद्धान्त हो। उहाँले यूपीए शासनकालमा सार्वजनिक क्षेत्रका बैंकहरूलाई संदिग्ध व्यवसायीहरूका लागि 'एटीएम' जस्तै व्यवहार गरिएको आरोप लगाउनु भयो।

वित्त मन्त्रीले उल्लेख गर्नु भयो, 54 करोड जनधन खाताहरू र 52 करोडभन्दा बढी धितो-रहित ऋण विभिन्न प्रमुख वित्तीय समावेश योजनाहरू अन्तर्गत स्वीकृत गरिएको छ। पीएम मुद्रा योजना अन्तर्गत 68 प्रतिशत लाभार्थीहरु र पीएम-स्वानिधि योजना अन्तर्गत 44 प्रतिशत लाभार्थीहरू मात्र महिला छन्। श्रीमती सीतारमणले यो मोदी सरकारको 'अन्त्योदय' दर्शनको प्रमाण भएको बताउनु भयो।

उहाँले पछिल्लो १० वर्षमा १० लाख रुपियाँसम्मको कर्जा २३८ प्रतिशतले बढेको र कुल कर्जामा आफ्नो हिस्सा १९ प्रतिशतबाट २३ प्रतिशत पुगेको बताउनु भयो। वित्त मन्त्रीले भन्नु भयो, भर्ती अभियान र रोजगार मेला पहलले बैंकहरूसहित सबै केन्द्रीय सरकारी विभागहरूमा

लाखौं रिक्त पदहरू भरिएको छ। श्रीमती सीतारामनले भन्नु भयो, २०१४ देखि यता सार्वजनिक क्षेत्रका बैंकहरूले ३ लाख ९४ हजार कर्मचारी भर्ना गरिसकेका छन्।

****** ० ******

**केन्द्र - गहुँ स्टक सीमा**

केन्द्र सरकारले ३१ मार्च २०२५ सम्म लागू हुने गहुँको भण्डारण सीमा परिमार्जन गर्ने निर्णय गरेको छ। समग्र खाद्य सुरक्षा प्रबन्ध गर्न र भण्डारण रोक्न, केन्द्रले सबै राज्यहरू र केन्द्र शासित प्रदेशहरूमा व्यापारी, थोक व्यापारी, खुद्रा विक्रेताहरूको लागि गहुँको भण्डारण सीमा घटाएको छ। व्यापारी र थोक बिक्रेताका लागि गहुँको भण्डारण सीमा २ हजार मेट्रिक टनबाट घटाएर १ हजार मेट्रिक टन र खुद्रा बिक्रेताका लागि १० मेट्रिक टनबाट घटाएर ५ मेट्रिक टन कायम गरिएको छ।

उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले यस वर्ष रविमा १ हजार १३२ लाख मेट्रिक टन गहुँ उत्पादन भएको र देशमा पर्याप्त मात्रामा गहुँ उपलब्ध रहेको जनाएको छ। सरकारले गहुँको मूल्यलाई नजिकबाट अनुगमन गर्छ र उपभोक्ताहरूको लागि मूल्य स्थिरता सुनिश्चित गर्न उपयुक्त हस्तक्षेपहरू लिन्छ। सबै गहुँ भण्डारण संस्थाहरूले गहुँ स्टक सीमा पोर्टलमा दर्ता गर्न र प्रत्येक शुक्रबार तिनीहरूको हालको उपलब्धताको बारेमा जानकारी साझा गर्न आवश्यक छ।

****** ० ******

**युएईका विदेशमन्त्री–भारत भ्रमण**

विदेश मन्त्री डा एस. जयशंकरले आज नयाँ दिल्लीमा युएईका उप प्रधानमन्त्री तथा विदेशमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानसँग रणनीतिक वार्ता गर्नु हुनेछ। उहाँले दिउँसो प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेट गर्नु हुनेछ। श्री नाह्यान चौथो रणनीतिक संवाद र १५औँ भारत-युएई संयुक्त आयोगको बैठकमा सहभागी हुन नयाँ दिल्ली आईपुग्नु भएको छ।

युएईका नेतालाई स्वागत गर्नु हुँदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले उहाँको भ्रमणले भारत र यूएईबीचको बहुआयामिक र व्यापक रणनीतिक साझेदारीलाई थप सुदृढ बनाउने बताउनु भएको छ।

हाम्रो संवाददाताले भारत र संयुक्त अरब इमिरेट्सबीच शताब्दीयौंदेखि व्यापारिक सम्बन्ध रहेको बताएक छन्। UAE 2022-2023 मा भारतमा चौथो ठूलो प्रत्यक्ष विदेशी लगानी देश थियो। युएईले समय समयमा भारतको पूर्वाधार क्षेत्रमा ७५ अरब डलर लगानी गर्ने प्रतिबद्धता जनाएको छ। यस पश्चिम एसियाली देशमा 35 लाखभन्दा बढी भारतीयहरू छन् र इमिरेट्सका मानिसहरू भारतीय संस्कृतिसँग परिचित छन् र यसप्रति संवेदनशील छन्। यूएईमा भारतीय सिनेमा, टिभी र रेडियो च्यानलहरूको ठूलो संख्यामा दर्शक छन्।

****** ० ******

**दिव्य कला मेला**

दिव्यांगजन व्यक्तिहरूको सशक्तिकरण विभाग, केन्द्रीय सामाजिक न्याय र अधिकारिता मन्त्रालयले आजदेखि नयाँ दिल्लीको इन्डिया गेटमा २२ औं दिव्य कला मेला आयोजना गर्दैछ। कार्यक्रमले भारतभरका विभिन्न दिव्यांगता भएका कारीगरहरू, उद्यमीहरू र कलाकारहरूको प्रतिभा, रचनात्मकता र उद्यमशीलताको भावनालाई प्रदर्शन गर्नेछ। एक सयभन्दा बढी अपाङ्गता भएका उद्यमी तथा कारीगरले आफ्नो उत्पादन र शीप प्रदर्शन गर्नेछन्। ११ दिने यो कला मेला हरेक दिन बिहान ११ बजेदेखि बेलुका ९ बजेसम्म खुला रहनेछ। यसले अपाङ्गता भएका व्यक्तिहरूको क्षमता, दृढता र शीपहरू मनाउने उद्देश्य राख्दछ।

****** ० ******

**खेलो इन्डिया शीतकालीन खेलहरू**

खेलो इन्डिया शीतकालीन खेलकुद-२०२५ लद्दाख र जम्मू कश्मीरमा दुई फरक चरणमा आयोजना हुनेछ। लद्दाखको केन्द्र शासित प्रदेशले २३ जनवरीदेखि २७ जनवरीसम्म आइस हक्की र आइस स्केटिङ प्रतियोगिता आयोजना गर्नेछ। जबकि जम्मू कश्मीरले 22 देखि 25 जनवरीसम्म अल्पाइन स्कीइङ, नर्डिक स्कीइङ, स्की पर्वतारोहण र स्नोबोर्डिङ जस्ता हिउँ प्रतियोगिताहरू आयोजना गर्नेछ।

लद्दाखले खेलो इन्डिया शीतकालीन खेलकुदको एक भागको आयोजना गर्ने यो लगातार दोस्रो वर्ष हुनेछ। 2024 भन्दा पहिले, जम्मू र कश्मीरले सबै कार्यक्रमहरू आयोजना गऱ्यो। फरवरी-2024 मा, लेहले स्केटिङ र हक्की जस्ता कार्यक्रमहरू सफलतापूर्वक आयोजना गर्यो, जबकि गुलमर्गले स्कीइङ र स्नोबोर्डिङ जस्ता खेलहरू आयोजना गर्यो।

केन्द्रीय खेलकुद मन्त्री डा. मनसुख मण्डावियाले 2026 शीतकालीन ओलम्पिकका लागि खेलाडीहरूको पहिचानमा उनीहरूको महत्त्वलाई जोड दिँदै आगामी खेलहरूबारे उत्साह व्यक्त गर्नु भएको छ।

खेलो इण्डियाले अर्को वर्ष अप्रेलमा भारत सरकारको प्रमुख कार्यक्रम बिहारमा युवा र पारा खेलसँग खेलो इण्डिया सिजनको सुरुवात गर्नेछ।

****** ० ******